# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको ४०औं बैठकका निर्णयहरु
## (२०७६ चैत्र ७ गते)

१ विश्वव्यापी रुपमा फैलिएको नोवेल कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण पूर्व तयारीका लागि भरतपुर महानगरपालिका प्रमुख श्री रेनु दाहालज्यूको संयोजकत्वमा गठित कार्यदलको निर्णय अनुसार भरतपुर महानगरपालिका वडा नं १० स्थित चितवन उद्योग संघको प्रदर्शनीस्थलमा स्थापना तथा संचालन गरिने भरतपुर कोरोना विशेष (अस्थायी) अस्पताललाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

२ भरतपुर महानगरपालिका वडा नं १० स्थित चितवन उद्योग संघको प्रदर्शनीस्थलमा स्थापना तथा संचालन गरिने भरतपुर कोरोना विशेष (अस्थायी) अस्पताल संचालनका लागि तयार गरिएको कार्यविधि पारित गर्ने निर्णय गरियो ।

३ भरतपुर कोरोना विशेष (अस्थायी) अस्पताल संचालनका लागि महानगरका तर्फबाट हाल रु १ करोड आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

४ गौतम बुध्द अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको डिजाइन सहितको नक्सा कार्यपालिका समक्ष पेश गरियो । प्रचलित ऐन नियम, मापदण्ड र संहिताको पालना हुने गरि उक्त नक्सा पास गर्ने निर्णय गरियो ।

५ लायन्स क्लव अफ बागेश्वरीले निर्माण गर्ने चाईल्ड केयर सेन्टरका लागि करीव ४ कट्ठा जग्गा उपलब्ध गराउन २ नं वडा कार्यालयबाट सिफारिस सहित माग गरेकमा ससकन्या जलदेवी मन्दिर परिसरको उत्तर पर्व तर्फको करीव २ कट्ठा जग्गामा भवन निर्माण र बाल गृह (चाइल्ड केयर) संचालन गर्न दिने र भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरी नियमानुसार संचालन गर्न उक्त संस्थालाई अनुमति दिने निर्णय गरियो ।

६ भरतपुर महानगरपालिका वडा नं १४ शिवनगर स्थित करीव २ विगाहा सार्वजनिक जग्गा प्रादेशिक आयुर्वेद अस्पतालका लागि उपलब्ध गराउन आवश्यक प्रक्रिया पूरा गरी दिने निर्णय गरियो ।

७ राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगिताको लागि खर्च भएको रु. १४ लाख ९० हजार रकम सार्वजनिक खरिद ऐन नियमको मापदण्ड अनुसार भए नभएको बारे आर्थिक प्रशासन

Scanned by CamScanner

महाशाखाबाट आवश्यक छानविन गरी खरीद गरेको सामान महानगरको जिन्सी शाखामा दाखिला गरी भुक्तानी दिने निर्णय गरियो ।

८ बालमैत्री स्थानीय शासन कार्यान्वयय निर्देशिका, २०७६ पारित गर्ने निर्णय गरियो ।

९ लैङ्गिक हिंसा व्यवस्थापन कार्यविधि, २०७६ पारित गर्ने निर्णय गरियो ।

१० राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने विद्यालयहरुको प्राथमिकीकरण गर्ने सम्बन्धमा देहाय बमोजिमको समिति गठन गरी नगर प्रमुख तथा उपप्रमुख संग आवश्यक समन्वय विद्दालयको प्राथमिकिकरण गरी प्राप्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो:-

| | |
|---|---|
| महानगर शिक्षा उपसमिति संयोजक | संयोजक |
| महानगर पूर्वाधार विकास महाशाखा प्रमुख | सदस्य |
| सामाजिक विकास समिति संयोजक | सदस्य |
| जिल्ला शिक्षा ईकाई प्रमुख | सदस्य |
| महानगर शैक्षिक प्रशासन महाशाखा प्रमुख | सदस्य सचिव |

११ एक वडा एक खेलमैदान कार्यक्रम कार्यान्वयन गर्नका लागी खेलकुद उपसमितिले पेश गरेको प्रतिवेदन माथी व्यापक छलफल गरियो ।उक्त प्रतिवेदन आवश्यक परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

**विविधः**

१. भरतपुर महानगरपालिकाको वडा नम्वर १७ मा स्थापना हुने प्रहरी चौकी भवन निर्माणका लागी यस वडाको गोब्रेनि स्थित शिवालय मन्दिरको पूर्वतर्फ अन्दाजी ४ कट्ठा जग्गा उपलब्ध गराउन वडा कार्यालयको समेत शिफारिस प्राप्त भएकोले उक्त जग्गा अन्य व्यापारिक काममा प्रयोग नगर्ने गरी कार्यालय भवन निर्माणका लागी उपलब्ध गराउने निर्णय गरयो ।

२. भरतपुर महानगरपालिकाको वडा नम्वर २९ को सिमतालमा रहेको अस्थाइ प्रहरी चौकी भवन अभावका कारण अन्यत्र सरी गएको, चौकिको अभावका कारण सुरक्षा चुनौति बढेको साविकको उक्त स्थान ऐलानि जग्गा भएकोले सो जग्गामा श्री सानु खड्का मगरले निर्माण गरेको ६ कोठे भवन समेत प्रहरी चौकिलाई दिन मन्जुर गरेको हुदा उक्त स्थानमा चौकी पुनस्थापना गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

३. भरतपुर महानगरपालिकाको वडा नम्वर २५ को कार्यालयका लागि हाल भएको भवन र खाली जग्गा अपर्याप्त भएकोले सेवा प्रवाहमा असहज भएको तथा कार्यालय संगै रहेको सोही वडा निवासी श्री श्रीकान्त खनालको नाममा रहेको सविक शुक्रनगर वडा नम्वर ५ को कि. न. ५८४ को जग्गा मध्येबाट २ कट्ठा १७ धुर जग्गा मुआब्जा समितिको निर्णय अनुसार प्रतिकट्ठा रु १४ लाख ८५ हजारका दरले खरिद गरी महानगरपालिको नाममा दा. खा. भइ जग्गाधनि प्रमाण पुर्जा समेत प्राप्त भएकोले उक्त जग्गाको मुल्य भुक्तानि गर्ने निर्णय गरियो

४. भरतपुर महानगरपालिकाको वडा नम्वर ८ स्थित श्री गणेश राधाकृष्ण टोलस्थित श्री राधाकृष्ण मन्दिको नक्सा पास दस्तुर मिनाहाका लागि वडा कार्यालयको शिफारिस सहित माग भइ आएको, उक्त मन्दिरको आफ्नै श्रोत नभएको र चन्दादाताहरुको सहयोगमा मन्दिर निर्माण हुने भएकोले नक्सा पास दस्तुर मिनाह गर्ने निर्णय गरियो ।

Scanned by CamScanner